आज मिति २०८३।०५।२६ गते शुक्रबारका दिन, बेनी नगर कार्यपालिकाको कार्यालयमा बेनी नगरपालिकाकाका नगर प्रमुख श्री सुरत के.सी. ज्यूको अध्यक्षता तथा देहायको उपस्थितिमा बसेको बेनी नगर कार्यपालिकाको आ.व. २०८३।८४ को तेस्रो बैठकमा निम्नानुसारको निर्णय गरियो।

**उपस्थिति:**

| क्र.सं. | नाम, थर | पद, कार्यालय | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री सुरत के.सी. | नगर प्रमुख, बेनी नगरपालिका | |
| २ | श्री ज्योती लामिछाने पौडेल | नगर उपप्रमुख, बेनी नगरपालिका | |
| ३ | श्री अर्जुन शर्मा | प्रमुख प्रशासकीय अधिकृत, बेनी नगरपालिका | |
| ४ | श्री रमेश कुमार श्रेष्ठ | प्रबक्ता, बेनी न.पा. / वडा अध्यक्ष, बेनी न.पा.-७ | |
| ५ | श्री टेक बहादुर थापा | वडा अध्यक्ष, बेनी नगरपालिका-१ | |
| ६ | श्री याम बहादुर क्षेत्री | वडा अध्यक्ष, बेनी नगरपालिका-२ | |
| ७ | श्री पदम बहादुर पुन | वडा अध्यक्ष, बेनी नगरपालिका-३ | |
| ८ | श्री अण बहादुर खडका | वडा अध्यक्ष, बेनी नगरपालिका-४ | |
| ९ | श्री गोबिन्द बानियाँ | वडा अध्यक्ष, बेनी नगरपालिका-५ | |
| १० | श्री कृष्ण बहादुर बानियाँ | वडा अध्यक्ष, बेनी नगरपालिका-६ | |
| ११ | श्री उत्तम कुमार कर्माचार्य | वडा अध्यक्ष, बेनी नगरपालिका-८ | |
| १२ | श्री चक्र बहादुर के.सी. | वडा अध्यक्ष, बेनी नगरपालिका-९ | |
| १३ | श्री मसबिर रोका | वडा अध्यक्ष, बेनी नगरपालिका-१० | |
| १४ | श्री कृष्ण कुमार बि.क. | कार्यपालिका सदस्य, बेनी नगरपालिका | |
| १५ | श्री किसान बिश्वकर्मा | कार्यपालिका सदस्य, बेनी नगरपालिका | |
| १६ | श्री मन कुमारी बिश्वकर्मा | कार्यपालिका सदस्य, बेनी नगरपालिका | |
| १७ | श्री सृजना श्रेष्ठ | कार्यपालिका सदस्य, बेनी नगरपालिका | |
| १८ | श्री सुजता किसान | कार्यपालिका सदस्य, बेनी नगरपालिका | |
| १९ | श्री बबिता सापकोटा | कार्यपालिका सदस्य, बेनी नगरपालिका | |
| २० | श्री मिना कुमारी कार्की | कार्यपालिका सदस्य, बेनी नगरपालिका | |
| २१ | श्री निर्मला मल्ल | कार्यपालिका सदस्य, बेनी नगरपालिका | |

**अन्य उपस्थिति:**

| क्र.सं. | नाम, थर | पद, कार्यालय | हस्ताक्षर |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |

**बेनी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**बेनी, म्याग्दी**

## आर्थिक वर्ष २०८३।८४ को तेस्रो कार्यपालिका बैठकका निर्णयहरु

*(मिति: २०८३।०५।२६ गते)*

**प्रस्तावहरु:**

१. भोटेकोशी बाढी प्रभावितको सहयोगका लागि प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा योगदान गर्ने सम्बन्धमा।
२. राष्ट्रिय मानव अधिकार आयोगको छैठौं कार्ययोजना कार्यान्वयनको लागि स्थानीय समन्वय समिति गटन सम्बन्धमा।
३. बहाल बिटौरी कर बक्यौता असूली तथा सम्झौता सम्बन्धमा।
४. नगरपालिकाको कर्मचारीहरुको लागि आन्तरिक पर्यटन भ्रमण काज कार्यविधि, २०८२ संशोधन सम्बन्धमा।
५. संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन उपर छलफल सम्बन्धमा।
६. स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कनको प्रारम्भिक प्रतिवेदन उपर छलफल सम्बन्धमा।
७. विविध सम्बन्धमा।

**निर्णयहरु:**

१. सम्वत् २०८३ साल भदौ १० गते रसुवा जिल्लाको भोटेकोशी नदी तथा तल्लो तटीय क्षेत्रमा आएको भीषण बाढीबाट भएको भौतिक तथा मानवीय क्षतिप्रति गहिरो दुःख व्यक्त गर्दै ज्यान गुमाउनुभएका व्यक्तिहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्ने र घाइतेहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्ने। साथै, विपद् बाट प्रभावितहरुको लागि राहत तथा पुनर्स्थापनाको कार्यमा योगदान गर्न यस नगरपालिकामा निर्वाचित जनप्रतिनिधिको मासिक पारिश्रमिकबाट ५ दिन बराबरको रकम तथा मिति २०८३/०५/११ गतेको नेपाल सरकारका सचिव बैठकको निर्णय नं. ४ बमोजिम यस नगरपालिका मातहतका शिक्षक तथा कर्मचारीहरु लगायत सम्पूर्ण राष्ट्रसेवकको तर्फबाट योगदान गर्न श्रेणीविहीन कर्मचारीबाट मासिक सुरु तलब स्केलको २ दिनको, रा.प. अनङ्कित वा सो सरह/तहका कर्मचारीबाट ५ दिनको, रा.प. तृतीय र द्वितीय श्रेणी वा सो सरह/तहका कर्मचारीबाट ७ दिनको र रा.प. प्रथम श्रेणी वा सो सरह/तहका कर्मचारीबाट १० दिनको तलब/पारिश्रिक रकम २०८३ सालको भदौ महिनाको मासिक तलब भुक्तानी गर्दा कट्टा गरी प्रधानमन्त्री दैवी प्रकोप उद्दार कोषको खातामा जम्मा गर्ने।

सुरत के.सी.
नगर प्रमुख

नगर कार्यपालिकाको कार्यालय
बेनी नगरपालिका
बेनी, म्याग्दी
गण्डकी प्रदेश, नेपाल
२०७३

२. राष्ट्रिय मानव अधिकार आयोगको छैठौं कार्ययोजना कार्यान्वयनको लागि स्थानीय तहको संयन्त्रको रुपमा रहेको स्थानीय समन्वय समितिको संरचनाबारे बैठकमा जानकारी भयो। सो सम्बन्धमा कार्ययोजनामा उल्लेख भए बमोजिम नगर प्रमुखले एक जना महिला सहित तीन जना नागरिक समाजका प्रतिनिधि तोकी समितिलाई पूर्णता दिने।

३. यस नगरपालिकामा विभिन्न मितिमा सम्झौता भई बहाल विटौरी करमा लगाइएका घर, टहरा, जग्गा लगायतका संरचनाको कर तथा कर बक्यौता असुली र सम्झौता नवीकरण सम्बन्धमा बैठकमा छलफल भयो। तत् सम्बन्धमा नियमित रुपमा बहाल बिटौरी कर तिरेका (अनुसूची- १ बमोजिमका सूचीका) व्यक्ति वा संस्थालाई साविक बमोजिमका शर्त बमोजिम हुने गरी मिति २०८३/४/१ देखि लागू भई २०८४ असार मसान्त सम्मको लागि सम्झौता नवीकरण गर्ने। बहाल विटौरी कर बक्यौता देखिएका (अनुसूची-२ बमोजिमको सूचीका) व्यक्ति वा संस्थाको हकमा बक्यौता असूलीका लागि कठोर बन्दै बक्यौता असूलीलाई समेत सँगसँगै अगाडी बढाउने (बक्यौता तिर्ने मिति सम्बन्धमा लिखित रुपमा प्रतिवद्धता पेश गर्न लगाएर मात्र) गरी हाललाई मिति २०८३/४/१ देखि लागू भई २०८४ असार मसान्त सम्मको लागि सम्झौता नवीकरण गर्ने। बे.न.पा- २ लम्भीहिल होटलका सञ्चालक मानकाजी घिमिरेको हकमा मिति २०८३।०५।०८ गतेको बहाल विटौरी उपसमितिको बैठकको सिफारिस समेतका आधारमा गर्ने।

४. नगरपालिकाको कर्मचारीहरुको लागि आन्तरिक पर्यटन भ्रमण काज कार्यविधि, २०८२ को संशोधन सम्बन्धमा छलफल भयो। सो कार्यविधिको देहायका दफा हरुमा देहाय बमोजिम हुने गरी संशोधन गर्ने।

क) कार्यविधिको दफा (२) को (ढ) मा "भ्रमणमा जाने कर्मचारी संख्या कम्तिमा पाँच देखि बढीमा नौँ जना" लाई परिवर्तन गरी "कम्तिमा सात जना" भन्ने वाक्यांश राख्ने। "साथै तहगत कर्मचारीहरुलाई समावेश गर्नुपर्नेछ" भन्ने वाक्य थप गर्ने।

ख) कार्यविधिको दफा (४) को उपदफा (१) मा रहेको व्यवस्था परिवर्तन गरी "यस कार्यविधिमा व्यवस्था भए बमोजिम प्रत्येक आर्थिक वर्षमा भ्रमणमा जाने कर्मचारीहरुको छनौट गरी सूची निर्माण गर्न एक समिति रहनेछ।" भन्ने वाक्य राख्ने।

ग) कार्यविधिको दफा (४) को उपदफा (३) मा रहेको व्यवस्था हटाई "समितिले भ्रमण काजमा जाने कर्मचारीहरुको छनौट गर्दा स्पष्ट सूचकहरुका आधारमा छनौट गर्नुपर्नेछ।" भन्ने वाक्य राख्ने।

घ) कार्यविधिको दफा (४) को उपदफा (४) मा भएको व्यवस्था हटाई "भ्रमणमा जाने कर्मचारी छनौट गर्दा आन्तरिक पर्यटन भ्रमण काज शिर्षकमा सोही वर्ष विनियोजित बजेटलाई समेत ख्याल गर्नुपर्नेछ।" भन्ने वाक्य राख्ने।

ङ) कार्यविधिको दफा (७) को उपदफा (१) भएको व्यवस्था हटाई "यस कार्यविधि अन्तर्गत पर्यटन भ्रमणमा जाने भ्रमण टोलीले भ्रमण कार्यक्रम समाप्त भए पछि भ्रमणका गतिविधि तथा प्राप्त उपलब्धी सहितको प्रतिवेदन भ्रमण पश्चात् हुने कार्यपालिकाको बैठकमा प्रस्तुत गर्नुपर्नेछ" भन्ने वाक्य राख्ने।

सुरत के.सी.
नगर प्रमुख

नगर कार्यपालिकाको कार्यालय
बेनी नगरपालिका
बेनी, म्याग्दी
गण्डकी प्रदेश, नेपाल
२०७३

५. संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धी राष्ट्रिय मापदण्ड २०८२ को दफा ७ बमोजिम यस नगरपालिकाको मिति २०८३/०३/२६ गतेको कार्यपालिका बैठकको निर्णय अनुसार गठित सर्वेक्षण समितिले तयार गरी पेश गरेको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन उपर छलफल गरियो। पेश भएको प्रतिवेदनलाई मापदण्डको दफा १२ (२) बमोजिम मूल्याङ्कनको लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गण्डकी प्रदेश पोखरामा पठाउने।

६. आर्थिक वर्ष २०८२/८३ मा यस नगरपालिकाका विभिन्न वडाहरुमा सञ्चालित संघीय, प्रादेशिक र स्थानीय योजना अनुगमन सम्बन्धी जिल्ला समन्वय समिति म्याग्दीको वार्षिक प्रतिवेदन उपर बैठकमा छलफल भयो। आगामी दिनमा प्रतिवेदनले औंल्याएका विषयहरु समेतलाई ध्यान दिंदै योजना कार्यान्वयनलाई थप प्रभावकारी बनाउने।

७. स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कनको लागि तयार भएको प्रारम्भिक प्रतिवेदन उपर छलफल गरियो। सो प्रतिवेदनलाई थप छलफलका लागि विषयगत समितिहरुमा पठाउने। साथै विषयगत समितिबाट प्राप्त सुझावहरु समेतलाई समावेश गरी सो प्रतिवेदनलाई जिल्ला समन्वय समितिमा पेश गर्न नगर प्रमुख मार्फत प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशित गर्ने।

८. सामुदायिक विद्यालयहरुमा विद्यालय व्यवस्थापन समिति गठन तथा प्रधानाध्यापक नियुक्ति सम्बन्धमा देखिएका अन्यौलताहरु निवारण गर्न शिक्षा नियमावली, २०५९ मा भएको दशौं संशोधन समेतका आधारमा विद्यालय व्यवस्थापन समिति गठन तथा प्रधानाध्यापक नियुक्ति प्रक्रिया अगाडी बढाउने।

९. साबिक जिल्ला विकास समितिको कार्यालयबाट घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र प्राप्त गरेका तर विविध कारणले यस नगरपालिकाबाट ईजाजतपत्र अभिलेख नवीकरण नगराई बसेका व्यवसायीहरुले यस कार्यपालिकाको मितिले एक महिनाभित्र अभिलेखीकरण पाउने गरी बेनी नगरपालिकाको घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७४ मा आवश्यक संशोधनको व्यवस्था गर्ने।

१०. कस्तुरी बहुउद्देश्यीय सहकारी संस्थाबाट बचत फिर्ता सम्बन्धमा आंशिक प्रगति देखिएतापनि पूर्णता हुन बाँकी रहेको जानकारी प्राप्त हुन आएकोले सुशासन तथा संस्थागत विकास समितिका संयोजक श्री उत्तम कर्मचार्यलाई पुन: थप सहजीकरणका लागि जिम्मेवारी दिने।

सुरत के.सी.
नगर प्रमुख

बेनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेनी, म्याग्दी
गण्डकी प्रदेश, नेपाल
२०७३